# गुजरा नगरपालिकाको जलवायु परिवर्तन नीति
# २०८२

## गुजरा नगरपालिका
मदेश प्रदेश, रौतहट

# गुजरा नगरपालिकाको जलवायु परिवर्तन नीति २०८२

## १. पृष्टभूमि

जलवायु परिवर्तनले विश्वव्यापी रूपमा वातावरण, समाज तथा अर्थतन्त्रमा गहिरो र समग्र प्रभाव पारिरहेको छ। तापक्रममा निरन्तर वृद्धि, वर्षा प्रणालीमा आएको परिवर्तन, समुद्री सतहको उचाइ बढ्नु तथा बाढी, खडेरी र आँधीजस्ता चरम मौसमी घटनाहरू यसको प्रमुख प्रत्यक्ष असरका रूपमा देखिएका छन्। नेपालको भौगोलिक अवस्थिति, धरातलीय विविधता तथा कमजोर भौगोलिक संरचनाका कारण यहाँ जलवायु परिवर्तनका प्रभावहरू अझ तीव्र रूपमा अनुभूत भइरहेका छन्। साथै, हिमाल, पहाड र तराईजस्ता विशिष्ट भौगोलिक क्षेत्रहरूको उपस्थितिका कारण नेपालमा जलवायु परिवर्तनको असर क्षेत्रअनुसार फरक फरक रूपमा देखा परिरहेको छ।

जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा हिउँ पग्लिने दर बढ्नु र हिमपातमा कमी आउनु, तराई क्षेत्रमा बाढी र सुख्खाका समस्या बढ्नु तथा पहाडी क्षेत्रमा भू–स्खलन र पहिरो जस्ता घटनाहरूको आवृत्ति वृद्धि भइरहेको छ। यस्ता प्रभावहरूले स्थानीय कृषि प्रणाली, जलस्रोत तथा जीविकोपार्जनका माध्यमहरूमा प्रत्यक्ष असर पारेका छन् जसका कारण गरीबी र सामाजिक असमानता अझ गहिरिँदै गएको छ।त्यसैले जलवायु परिवर्तनका प्रभावलाई न्यूनिकरण गर्न र अनुकूलन क्षमता अभिवृद्धि गर्न स्थानीय तहमा विशेष कार्ययोजनाहरू सञ्चालन गर्नु अत्यन्त आवश्यक देखिन्छ।

## २. नेपालको जलवायु परिवर्तनसंग सम्बन्धित नीतिगत स्थिति

नेपाल सरकारले जलवायु परिवर्तनका चुनौतीलाई सम्बोधन गर्न निम्न राष्ट्रिय नीति, रणनीति तथा कार्ययोजनाहरू कार्यान्वयनमा ल्याएको छ, जसले जलवायु परिवर्तनका प्रभावसँग जुध्न अनुकूलन र न्यूनीकरणका प्रमुख उपायहरू निर्धारण गरेका छन्।

राष्ट्रिय अनुकूलन कार्ययोजना (National Adaptation Program of Action - NAPA): यस कार्ययोजनाले नेपालका जलवायु जोखिमयुक्त क्षेत्रहरू जस्तै कृषि, वन, जलस्रोत र स्वास्थ्य जस्ता क्षेत्रमा तत्काल र अत्यावश्यक अनुकूलन आवश्यकतालाई पहिचान गरेको छ।

स्थानीय अनुकूलन कार्ययोजना (Local Adaptation Plan of Action - LAPA) : रास्ट्रिय अनुकुलन कार्ययोजनालाई सहयोग गर्दै यस कार्ययोजनाले स्थानीय विकास योजना र अनुकूलन क्रियाकलापलाई एकीकृत गरी समुदायको सहभागिता र स्वामित्वलाई प्राथमिकता प्रदान गरेको छ।

रास्ट्रिय जलवायु परिवर्तन नीति (National Climate Change Policy - NCCP): यस नीतिले न्यून कार्बन विकास, जलवायु उत्थान्शिलता र दिगो स्रोत व्यवस्थापनलाई प्रवर्द्धन गरी जलवायु जोखिम घटाउने र वातावरणीय दिगोपन सुनिश्चित गर्ने लक्ष्य राखेको छ।

राष्ट्रिय अनुकूलन योजना (National Adaptation Plan - NAP): यस योजनाले दीर्घकालीन र रणनीतिक रूपमा जलवायु परिवर्तन अनुकूलनलाई प्राथमिकता दिंदै विभिन्न क्षेत्र र स्तरमा समावेशी र दिगो अनुकूलनको लागि खाका प्रस्तुत गरेको छ।

राष्ट्रिय निर्धारित योगदानहरू (Nationally Determined Contribution - NDC ): पेरिस सम्झौता अन्तर्गत नेपालले २०४५ सम्ममा शून्य कार्वन उत्सर्जन प्राप्त गर्ने प्रतिबद्धता जनाएको छ। जसमा नवीकरणीय ऊर्जा, दिगो यातायात र वन संरक्षणमा ध्यान केन्द्रित गरेको छ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन (Disaster Risk Reduction and Management Act): यस ऐनले प्रकोप पूर्वतयारी, प्रतिकार्य र पुनःर्स्थापनामा जोड दिंदै जलवायु जोखिमलाई प्रकोप व्यवस्थापनमा समावेश गरेको छ।

## ३. गुजरा नगरपालिकामा जलवायु परिवर्तनको समस्या तथा चुनौतीहरु

गुजरा नगरपालिकामा जलवायु परिवर्तनका  असर तथा प्रभावहरु फरक-फरक रूपमा देखा पर्न थालेका छन्। यस नगरपालिकामा रहेका विभिन्न नदी, खोल्सा र नालाहरूको कारण वर्षाको समयमा तल्लो भू–भागका वडाहरूमा बाढी, डुबान र नदी कटानको जोखिम उच्च रहेको देखिन्छ। वर्षायाममा अत्याधिक वर्षाका कारण कृषि भूमि, बस्ती तथा भौतिक पूर्वाधार प्रभावित हुने गरेको छ भने सुख्खा मौसममा भूमिगत पानीको सतह घट्दै जाँदा खानेपानी र सिँचाइमा गम्भीर समस्या देखिन थालेको छ।

भू–उपयोगको दृष्टिले वन क्षेत्र, कृषि भूमि र बसोबास क्षेत्र मिश्रित रूपमा रहेको यस नगरपालिकामा बाढी, अत्यधिक वर्षा तथा लामो खडेरीले प्राकृतिक स्रोतसाधनमाथि दबाब बढाएको छ। विशेषगरी वन क्षेत्र आसपासका वडाहरूमा सुख्खा मौसममा डढेलोको जोखिम बढ्दै जानु, जैविक विविधतामा ह्रास आउनु तथा वनजन्य स्रोतमा निर्भर समुदायको जीविकोपार्जन असुरक्षित बन्दै गएको अवस्था देखिन्छ।

गुजरा नगरपालिकामा कृषि क्षेत्र जलवायु परिवर्तनबाट सबैभन्दा बढी प्रभावित क्षेत्रका रूपमा रहेको छ। तापक्रम वृद्धि, वर्षा ढाँचाको अनिश्चितता, खडेरी तथा पानीका स्रोत सुक्दै जानुले कृषि उत्पादनशीलतामा नकारात्मक असर पारेको छ। धान, गहुँ, मकै लगायत प्रमुख बालीमा रोग–कीराको प्रकोप बढ्नु, रोपाइँ तथा कटाइ समय प्रभावित हुनु, सिँचाइमा अत्यधिक निर्भरता बढ्नु जस्ता समस्या देखिएका छन्।

जलवायु परिवर्तनका यी प्रभावहरूले केवल कृषि मात्र होइन, समग्रमा नगरपालिकाका प्राकृतिक स्रोतसाधन, जनस्वास्थ्य, शिक्षा, पूर्वाधार तथा समग्र जनजीवनमा गहिरो र नकारात्मक असर पारिरहेका छन्। जलवायुजन्य प्रकोपहरूले स्थानीय समुदायको जीवनस्तर र जीविकोपार्जनमा गम्भीर जोखिम सिर्जना गरेका छन्। बाढीपछिको डुबान र सरसफाइ व्यवस्थापन कमजोर हुँदा पानीजन्य तथा सरुवा रोगहरूको जोखिम समेत बढ्दै गएको देखिन्छ।

महिला, दलित, मुस्लिम, मधेसी, आदिवासी जनजाति, भूमिहीन, साना किसान तथा अन्य सीमान्तीकृत र कमजोर वर्गका समुदायहरूले जलवायु परिवर्तनको प्रत्यक्ष तथा असमान भार वहन गर्नुपरेको अवस्था विद्यमान छ। सीमित स्रोत, कमजोर पूर्वाधार, न्यून आयआर्जनका अवसर र निर्णय प्रक्रियामा सीमित पहुँचका कारण यी समुदायहरूको अनुकूलन क्षमता कमजोर रहेको छ।

यस समग्र अवस्थाले गुजरा नगरपालिकामा जलवायु जोखिम न्यूनीकरण, प्राकृतिक स्रोतको संरक्षण तथा दिगो उपयोग, जलवायु मैत्री कृषि प्रणाली, सुरक्षित खानेपानी व्यवस्थापन र सामाजिक रूपमा समावेशी तथा स्थानीय स्रोतमा आधारित अनुकूलन उपायहरू अवलम्बन गर्नु अत्यावश्यक देखिएको छ।

## ४. नीतिको आवश्यकता

यस नगरपालिकामा देखापरेका जलवायु परिवर्तन सम्बन्धी चुनौतीहरूलाई प्रभावकारी रुपमा सामना गर्न र समावेशी तथा दिगो समाधान सुनिश्चित गर्न नेपालको संविधान-२०७२ ले स्थानीय सरकारलाई प्रदान गरेको वातावरण संरक्षण र विपद् जोखिम न्यूनीकरण सम्बन्धी संवैधानिक जिम्मेवारीको पूर्ण पालना गर्नु अपरिहार्य छ। यस सन्दर्भमा, नेपालको राष्ट्रिय जलवायु परिवर्तन नीति-२०७६ ले स्थानीय तहमा जलवायु कार्यान्वयनका लागि प्रदान गरेको मार्गदर्शन अवलम्बन गर्दै, स्थानीय सरकार सञ्चालन ऐन-२०७४, राष्ट्रिय अनुकूलन योजना २०२१-२०५०, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन-२०७४, राष्ट्रिय निर्धारित योगदान तथा मधेश प्रदेशका सम्बद्ध नीति, रणनीति र कार्ययोजनाको मर्म र भावनाअनुरूप स्थानीय आवश्यकता तथा प्राथमिकतामा आधारित जलवायु परिवर्तन व्यवस्थापन प्रणाली विकास गर्नु आवश्यक रहेको छ।

## ५. दृष्टिकोण (Vision)

दिगो, समावेशी तथा जलवायु उत्थानशिल, सुरक्षित र समुन्नत गुजरा नगरपालिका

## ६. लक्ष्य (Goal)

नगरका नागरिक, प्राकृतिक स्रोत, पूर्वाधार तथा जीविकोपार्जनलाई जलवायु उत्थानशील र सुरक्षित बनाउँदै, दिगो, समावेशी र वातावरणमैत्री विकास प्रक्रियालाई स्थायी रुपमा संस्थागत गर्ने।

## ७. उदेश्यहरु

क) समुदायमा आधारित अनुकुलन योजना तथा जोखिम सूचित उपायहरूको कार्यान्वयन गर्दै जलवायु तथा विपद् जोखिमहरू न्यूनीकरण र अनुकूलन गर्ने।

ख) स्थानीय शासन,नीति, योजना, बजेट तथा विकास क्रियाकलापहरूमा जलवायु अनुकूलन र न्यूनीकरणलाई प्रणालीगत रूपमा मूल-प्रभाहिकरण गर्ने।

ग) जलवायु सम्बन्धी कार्यहरूमा लैंगिक समानता, सामाजिक समावेशीकरण र जोखिममा रहेका समुदायहरूको सुरक्षित जीविकोपार्जन प्रवर्द्धन गर्दै उत्थानशील समुदाय निर्माण गर्ने।

घ) जलवायु शासन सुदृढ गर्दै, योजना कार्यान्वयन, अनुगमन तथा वित्तीय र प्राविधिक स्रोत परिचालनका लागि स्थानीय तहको संस्थागत तथा मानवीय क्षमतामा अभिवृद्धि गर्ने।

ङ) वन, भूमि, जलस्रोत र जैविक विविधताको सामुदायिक सहभागितामा आधारित दिगो व्यवस्थापन गर्दै, नदी कटान, भू—क्षय र बाढीजस्ता जलवायुजन्य जोखिम न्यूनीकरणका लागि प्रकृतिमा आधारित समाधान मार्फत पारिस्थितिकीय प्रणालीको संरक्षण र पुनर्स्थापना गर्ने।

## ८. नीतिहरु

माथि उल्लेखित लक्ष्य तथा उद्देश्यहरु पुरा गर्न देहाय बमोजिमका विषय क्षेत्रगत नीति, रणनीति तथा कार्यनीतिहरु अबलम्बन गरिने छ ।

## क्षेत्रगत नीति एवम् रणनीति तथा कार्यनीतिहरु

## ८.१. कृषि तथा खाद्य सुरक्षा

### नीति

जलवायु परिवर्तनबाट उत्पन्न जोखिमहरूलाई न्यूनीकरण गर्दै जलवायु अनुकूल, दिगो र समावेशी कृषि प्रणाली विकास गरी नगरपालिकाको खाद्य सुरक्षा र कृषकको जीविकोपार्जन सुदृढ गर्ने।

### रणनीति तथा कार्यनीतिहरू

क) जलवायु अनुकूल कृषि नीति, कार्यविधि, मार्गदर्शन र वार्षिक कार्ययोजना निर्माण तथा कार्यान्वयन गरिनेछ।

ख) जलवायुजन्य प्रकोप जस्तै खडेरी, शितलहर, उच्च तापमान, रोगकिरा आदिको जोखिम न्यूनीकरणका लागि जलवायु अनुकूल बाली, बीउ र प्रविधि प्रवर्द्धन गरिनेछ।

ग) कृषकहरुको माटो परीक्षणको व्यवस्था गर्नुका साथै पानी किफायती  सिँचाइ प्रबिधिको विस्तार गरिनेछ।

घ) जैविक तथा कम्पोस्ट मल, जैविक विषादी तथा एकीकृत कीरा व्यवस्थापन प्रणालीलाई प्रोत्साहन तथा रासायनिक मल र विषादीको अनियन्त्रित प्रयोगलाई क्रमश निरुत्साहित गरिनेछ।

ङ) साना किसान, दलित तथा सीमान्तकृत समुदायहरुलाई लक्षित गरी कृषिमा आधारित जलवायु अनुकुलन तथा उत्थानशील जीविकोपार्जन कार्यक्रमहरु संचालन गरिनेछ।

च) स्थानीय स्तरमा  खाद्य भण्डारण र बीउ संरक्षण प्रणालीको ठोस योजना सहित विकास तथा सुदृढीकरण गरिनेछ।

छ) कृषि तथा पशुपालन क्षेत्रमा जलवायुजन्य प्रकोपबाट हुने जोखिम न्यूनिकरणका लागि बाली तथा पशु बीमा प्रणालीको पहुँच साथै बीमा गर्ने व्यवस्था गरिनेछ।

ज) जलवायुमैत्री कृषी प्रणालीसंग सम्बन्धित परम्परागत ज्ञान, सिप र अभ्यासहरुको अनुसन्धान, अभिलेखिकारण तथा प्रवर्द्धन गर्दै स्थानीय कृषकहरूलाई जलवायुमैत्री कृषी प्रविधि, मौसम सूचना र जोखिम व्यवस्थापन सम्बन्धी ज्ञान तथा सिपमार्फत क्षमता अभिवृद्धि गरिनेछ।

झ) कृषियोग्य जमिन संरक्षणका लागि ईंट्टा भट्टा लगायत कृषिमा असर पुर्याउने अन्य औधोगीकिकरणलाई नियमन गरिनेछ।

## ८.२ वन, जैविक विविधता तथा जलाधार संरक्षण

### नीति

वन, जैविक विविधता र जलाधार क्षेत्रको संरक्षण तथा दिगो व्यवस्थापन मार्फत जलवायु जोखिम न्यूनीकरण र स्थानीय जीविकोपार्जन सुदृढ गर्ने।

### रणनीति तथा कार्यनीतिहरू

क) जलवायु अनुकुलन वन व्यवस्थापन सुनिश्चित गर्न नगरस्तरीय वन तथा जैविक विविधता संरक्षण नीति/कार्यविधि निर्माण गरिनेछ।

ख) वातावरण संरक्षण गर्न वन कटान, आगलागी, अवैध दोहन र खुल्ला चरिचरण नियन्त्रण गरिनेछ।

ग) बाढी, नदी कटान र भू-क्षय जोखिम न्यूनीकरण तथा जलस्रोत संरक्षणका लागि नदी किनार, चुरे तथा जलाधार क्षेत्रमा वृक्षारोपण, प्रकृतीमा आधारित समाधानका उपायहरू, जैविक तथा आवश्यकताका आधारमा तटबन्ध निर्माण गरिनेछ।

घ) जलवायु परिवर्तनको कारण सामुदायिक वनहरुमा फैलिंदै गएको मिचाहा झार व्यवस्थापन गर्न वन कार्यालय तथा सामुदायिक वन उपभोक्ता समूहहरूसँग सहकार्य गरि मिचाहा झार (बनमारा) न्यूनीकरण तथा व्यवस्थापन गरिनेछ।

ङ) जलवायु परिवर्तनको प्रभावका कारण जिवकोपार्जनमा परेको नकारात्मक असर न्यूनीकरण गर्न वन स्रोतमा आश्रित समुदायहरूका लागि गैर-काष्ठ वन उत्पादन (NTFPs),तथा हरित उद्यम प्रवर्द्धन गरि वैकल्पिक आयआर्जनका अवसर विकास गरिनेछ।

च) एकीकृत, दिगो तथा जलवायु उत्थानशील जलाधार व्यवस्थापन प्रवर्द्धन गर्न, माथिल्लो-तल्लो भू-भागका स्थानीयतहहरूसँग समन्वय गर्दै पानी सुरक्षा, बाढी जोखिम न्यूनीकरण र पारिस्थितिकीय सेवाहरूको संरक्षण सुनिश्चित गरिनेछ ।

## ८.३ जलस्रोत र ऊर्जा

### नीति

जलस्रोतको संरक्षण, पुनर्भरण र दिगो उपयोग सुनिश्चित गर्दै स्वच्छ तथा नवीकरणीय ऊर्जाको प्रयोग प्रवर्द्धन गर्ने।

### रणनीति तथा कार्यनीतिहरू

क) पानीका मुहान, सिमसार क्षेत्र र पुनर्भरण क्षेत्रको संरक्षण, सम्बर्धन तथा पुनर्स्थापना गरी जलस्रोतको दीर्घकालीन उपलब्धता सुनिश्चित गरिनेछ।

ख) खडेरी तथा मौसमी सिँचाइको चुनौती न्यूनीकरण गर्न नवीनतम प्रविधि तथा अभ्यासहरूको प्रयोग प्रवर्द्धन गरी सिँचाइ व्यवस्थापनको दिगो र प्रभावकारी प्रणाली सुनिश्चित गरिनेछ।

ग) नदी तथा खोलाहरूमा हुने अव्यवस्थित तथा जथाभावी उत्खनन नियन्त्रण गरी जलस्रोतको दीर्घकालीन संरक्षण सुनिश्चित गरिनेछ।

घ) सौर्य ऊर्जा, बायोग्यास, विद्युतीय चुलो जस्ता नवीकरणीय ऊर्जाको प्रवर्द्धन गरी स्वच्छ ऊर्जा प्रयोग बढाइनेछ र जलवायुमैत्री रोजगारी तथा आयआर्जनका अवसर सिर्जना गरिनेछ।

## ८.४ ग्रामीण तथा शहरी बसोबास

### नीति

योजनाबद्ध, सुरक्षित र जलवायु उत्थानशील र दिगो ग्रामीण तथा शहरी बसोबास विकास गर्ने।

### रणनीति तथा कार्यनीतिहरू

क) स्थानीय स्तरमा भू -उपयोग योजना तर्जुमा गर्दा जलवायु परिवर्तनका जोखिमहरुको आधारमा वन, कृषि, आवास तथा औधोगिक क्षेत्रहरुको निर्धारण गरिनेछ।

ख) ग्रामिण र शहरी बस्ति निर्माण गर्दा हरित गाउँ / शहरको अवधारणा अनुसरण गर्दै सडक किनारा र खाली रहेका जमिनमा वृक्षारोपण गर्नुका साथै उद्यानहरु निर्माण गरिनेछ।
ग) बाढी तथा डुबान जोखिम क्षेत्रहरूको पहिचान गरी जोखिमयुक्त क्षेत्रमा बसोबास नियन्त्रण र सुरक्षित स्थानमा योजनाबद्ध पुनर्वास तथा बसोबास योजना निर्माण गरिनेछ।
घ) भवन निर्माण गर्दा भवन आचारसंहिता र जलवायु मैत्री डिजाइन तथा विपद् प्रतिरोधी निर्माणको अनिवार्य कार्यान्वयन गरिनेछ।

## ८.५ खानेपानी, स्वास्थ्य तथा सरसफाई

### नीति

जलवायु परिवर्तनबाट उत्पन्न स्वास्थ्य जोखिम न्यूनीकरण गर्दै सुरक्षित खानेपानी र सरसफाइमा सबैको पहुँच सुनिश्चित गर्ने।

### रणनीति तथा कार्यनीतिहरू

क) जलवायु परिवर्तनका कारण घट्दो भू–जल सतह र अनियमित वर्षालाई दृष्टिगत गर्दै सुरक्षित र पर्याप्त खानेपानीको पहुँच विस्तार गरिनेछ।
ख) मौसमी तथा पानीजन्य रोगहरू न्यूनीकरण तथा रोकथामका लागि स्वास्थ्य सेवा र समुदायस्तरीय रोकथाम संयन्त्रहरू विकास गरिनेछ।
ग) फोहोर तथा ढल व्यवस्थापन सुधार गरी हरितगृह ग्यास उत्सर्जन न्यूनीकरण र ऊर्जा उत्पादन प्रवर्द्धनमा योगदान पु¥याइनेछ।
घ) जोखिमपूर्ण र घातक फोहोरजन्य पदार्थहरूको सुरक्षित तथा वैज्ञानिक व्यवस्थापन सुनिश्चित गरिनेछ साथै अन्य फोहोरलाई ऊर्जा उत्पादनमा प्रयोग गर्न प्रोत्साहन गरिनेछ।
ङ) सरसफाइ तथा स्वच्छता प्रवर्द्धन गर्दै मुख्य सडक, बजार क्षेत्र तथा बस्तीहरूमा फोहोर जलाउने प्रवृत्ति नियन्त्रण गरिनेछ र जनचेतनामूलक कार्यक्रम मार्फत स्वच्छ व्यवहारलाई प्रोत्साहन गरिनेछ।

च) खानेपानीको दिगो व्यवस्थापन सुनिश्चितता गर्नको लागि बोर्ड मोडललाई अवलम्बन गर्दै कार्यन्वयन गरिनेछ।

## ८.६ उद्योग, यातायात तथा भौतिक पूर्वाधार

### नीति

उद्योग तथा यातायात क्षेत्रबाट हुने प्रदूषण न्यूनीकरण गर्दै जलवायु मैत्री, सुरक्षित र दिगो पूर्वाधार विकास प्रवर्द्धन गर्ने।

### रणनीति तथा कार्यनीतिहरू

क) हरित ऊर्जाको प्रयोग प्रवर्द्धन गर्दै विद्युतीय सवारी साधनको उपयोग विस्तार गरिनेछ।

ख) न्यून कार्बन उत्सर्जनयुक्त उद्योगहरूको प्रोत्साहन, प्रवर्द्धन तथा विकास गरिनेछ।

ग) उद्योग, यातायात तथा भौतिक पूर्वाधार विकास गर्दा वातावरणमैत्री स्थानहरुको छनोट र जलवायु मैत्री प्रविधिहरूको प्रयोगलाई प्रोत्साहन गरिनेछ।

घ) उद्योग तथा यातायात क्षेत्रबाट हुने वायु, जल र ध्वनी प्रदूषण नियन्त्रणका लागि प्रभावकारी अनुगमन तथा नियमन प्रणाली कार्यान्वयन गरिनेछ।

## ८.७. पर्यटन, प्राकृतिक तथा सांस्कृतिक सम्पदा संरक्षण

### नीति

प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षण गर्दै जलवायु उत्थानशील, दिगो र समुदायमा आधारित पर्यटन विकास तथा प्रवर्द्धन गर्ने।

### रणनीति तथा कार्यनीतिहरू

क) जलवायु परिवर्तनका कारण जोखिममा रहेका प्राकृतिक,सांस्कृतिक तथा धार्मिक सम्पदाहरुको पहिचान तथा संरक्षणमा जोड दिइनेछ।

ख) स्थानीय समुदायको नेतृत्व, सक्रिय सहभागिता तथा स्वामित्वमा समुदायमा आधारित पर्यटन कार्यक्रमहरू विकास गरिनेछ।

ग) जलवायु परिवर्तनका प्रभावहरूबाट सबैभन्दा बढी प्रभावित समुदायलाई पर्यटनसम्बन्धी उद्यम, सीप विकास र रोजगारीमा प्राथमिकता दिइनेछ।

घ) सांस्कृतिक सम्पदा अन्तर्गत भाषा, पर्व, परम्परा, लोककला, धार्मिक अभ्यास जस्ता अमूर्त सम्पदाहरूको संरक्षण, अभिलेखीकरण र प्रवर्द्धन गरिनेछ।

## ८.८ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन

### नीति

पूर्वतयारी, जोखिम न्यूनीकरण र प्रभावकारी प्रतिकार्य मार्फत जलवायुजन्य विपद् बाट समुदायमा हुने क्षति न्यून गर्ने।

### रणनीति तथा कार्यनीतिहरू

क) बाढी, डुबान, डढेलो, चट्याङ, खडेरी, तापलहर, शीतलहर, रोग तथा किराहरूको प्रकोप, वन्यजन्तुको आतंङ्क, भूकम्प लगायतका बहुजोखिमहरू पहिचान गरी जोखिम नक्साङ्कन र सङ्कटासन्नता विश्लेषण गरिनेछ।

ख) जोखिमजन्य क्षेत्रहरूको पहिचान गरी आवश्यकता अनुरूप नदी तटबन्ध, संरक्षण संरचना र प्रकृतिमा आधारित समाधान (NbS) को प्रयोगमार्फत बाढी, डुबान तथा भू-क्षय जोखिम न्यूनीकरण गरिनेछ।

ग) विपद् जोखिम न्यूनीकरण कार्यलाई जलवायु अनुकुलन योजना तथा कार्यहरुसंग एकिकृत गरिनेछ।

घ) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यक्रम र योजनाहरु निर्माण गर्दा समावेशीकरणको सिद्धान्तमा रही समुदायहरूको अर्थपूर्ण सहभागिता र नेतृत्व सुनिश्चित गरिनेछ।

ङ) विपद् पूर्वसूचना, जोखिम नक्साङ्कन तथा प्रतिकार्य प्रणाली सुदृढ गर्न प्राविधिक सहयोग विस्तार साथै नवीनतम प्रविधिहरूको प्रयोग गरिनेछ।

च) जलवायुजन्य विपद् व्यवस्थापनमा स्थानीय संघ-संस्था तथा निजि क्षेत्रहरुलाई परिचालन गरिनेछ।

छ) स्थानीय स्तरमा विपद् न्यूनीकरण सम्बन्धी तालिम तथा अभ्यास कार्यक्रम कार्यान्वयन गरिनेछ।

ज) साझा जोखिम क्षेत्र (नदी प्रणाली, जलाधार क्षेत्र तथा वन क्षेत्र) को वृहत व्यवस्थापनका लागि छिमेकी स्थानीय तहसँग अन्तर–पालिका समन्वय सुदृढ गरिनेछ।

## अन्तरविषयगत क्षेत्रहरु

## ८.९. लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण

### नीति

जलवायु परिवर्तन सम्बन्धी योजना र कार्यक्रमहरुमा लैङ्गिक तथा सामाजिक समवेशिकरणको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै कमजोर तथा सिमान्तकृत वर्गको अनुकूलन क्षमता अभिवृद्धि गर्ने।

### रणनीति तथा कार्यनीतिहरू

क) जलवायु परिवर्तनसम्बन्धी नीति, योजना, कार्यक्रम र बजेट निर्माण तथा कार्यान्वयनमा महिला, दलित, अपाङ्गता, यौनिक अल्पसंख्यक भएका व्यक्ति तथा सीमान्तीकृत समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिने छ।

ख) जलवायु परिवर्तनबाट जोखिमयुक्त समूहका लागि स्थानीय ज्ञान शिप तथा प्रबिधि अनुरुपका जलवायु अनुकूलका उपायहरुको अवलम्बन गरिनेछ।

ग) जलवायु जोखिमबाट प्रभावित घरधुरी तथा समुदायलाई लक्षित गरि जलवायु उत्थानशिल जिविकोपार्जनको कार्यक्रमहरु संचालन गरिनेछ।

घ) जलवायु अनुकुलन कार्यक्रममा सामाजिक तथा आर्थिक विकास एवं वैकल्पिक आयआर्जन र गरिबी निवारणका कार्यक्रमसँग आबद्ध गरी कार्यान्वयन गरिनेछ ।

## ८.१० जनचेतना अभिवृद्धि तथा क्षमता विकास

### नीति

जलवायु परिवर्तनबारे जनचेतना र संस्थागत क्षमता अभिवृद्धि गर्दै स्थानीय समुदायलाई अनुकुलन तथा न्यूनीकरणका उपायहरु अवलन्बन गर्न प्रेरित गर्ने।

### रणनीति तथा कार्यनीतिहरू

क) जलवायु उत्थानशिलतालाई स्थानीय विकास योजना तथा कार्यक्रमहरुमा मुलप्रवाहिकरण गर्न नगरपालिका अन्तर्गतका सम्बन्धित शाखा, उपशाखा तथा वडा कार्यालयहरुको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ।

ख) जलवायु परिवर्तन सम्बन्धी सूचना, शिक्षा तथा संचार (IEC) सामग्रीको विकास र प्रचार–प्रसार गर्दै क्षमता अभिवृद्धिका लागि स्थानीय निकायमा क्रियाशील संघसंस्था, निजी क्षेत्र तथा अन्य सरोकारवाला निकायहरूसँग सहकार्य गरिनेछ।

ग) विद्यालय तहमा जलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण तथा प्रकोप व्यवस्थापन सम्बन्धी पाठ्यक्रम विकास गरी नियमित पठन–पाठन तथा अतिरिक्त क्रियाकलापमा समावेश गर्न जोड दिइनेछ।

घ) महिला, युवा, दलित तथा सीमान्तीकृत समुदायलाई लक्षित गरी नेतृत्व विकास, सीप अभिवृद्धि तथा निर्णय प्रक्रियामा सहभागिता बढाउने कार्यक्रमहरू सञ्चालन गरिनेछ।

## ८.११ अनुसन्धान, प्रविधि विकास तथा प्रचार

### नीति

तथ्यमा आधारित निर्णयका लागि स्थानीय अनुसन्धान र प्रविधिको प्रयोग प्रवर्द्धन गर्ने।

### रणनीति तथा कार्यनीतिहरू

क) जलवायु परिवर्तनले बिभिन्न बिषयगत क्षेत्रहरुमा पारेको असरको अध्ययन अनुसन्धान गर्दै यसको नतिजालाई निर्णय प्रक्रियामा समावेश गरिनेछ।

ख) जलवायुमैत्री स्थानीय प्रविधिहरुको पहिचान गरि बिकास र प्रयोगलाई प्रवर्द्धन गरिने छ।

ग) जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकुलन सम्बन्धी अनुसन्धान तथा प्रविधि विकास गर्न निजी क्षेत्र, शैक्षिक संस्था तथा स्थानीय अनुसन्धान संस्थाहरूको सहभागिता र सहकार्यलाई प्रोत्साहन गरिनेछ।

घ) प्रविधि सम्बन्धी अनुसन्धान तथा ज्ञान अभिवृद्धिका लागि तालिम, कार्यशाला र जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

ङ) प्रविधि हस्तान्तरण र ज्ञान साझेदारी तथा तथ्यमा आधारित निर्णयका लागि प्रतिबेदन प्रकाशन तथा सूचना व्यवस्थापन प्रणालीको  विकास गरिनेछ।

## ८.१२ जलवायु वित्त व्यवस्थापन

### नीति

जलवायु परिवर्तन सम्बन्धी नीति, रणनीति तथा कार्यनीतिहरूको प्रभावकारी कार्यन्वयनका लागि वित्तीय स्रोतको न्यायोचित, पारदर्शी, परिणाममुखी र पर्याप्त परिचालन तथा व्यवस्थापन गर्ने ।

### रणनीति तथा कार्यनीतिहरू

क) जलवायु वित्त सम्बन्धी सबै कार्यक्रम तथा आयोजनामा वित्तीय स्रोतहरूको पारदर्शिता, लेखाजोखा, सामाजिक जवाफदेहिता र सुशासन सुनिश्चित गर्न प्रभावकारी वित्तीय व्यवस्थापन प्रणाली लागू गरिनेछ।

ख) महिला,अल्पसंख्यक, पिछडिएका वर्ग, जलवायु परिवर्तनबाट प्रभावित क्षेत्र र संकटासन्न समुदाय लक्षित समाबेशी बजेट बिनियोजन सुनिश्चित गरिनेछ।

ग) संघ, प्रदेश तथा बिभिन्न निकायबाट प्राप्त जलवायु वित्त परिचालन गर्दा प्रशासनिक खर्च कम गर्दै कम्तिमा ८० प्रतिशत रकम स्थानीय अनुकुलन तथा न्यूनीकरण क्रियाकलापहरूमा खर्च गरिनेछ।

घ) गैरसरकारी निकाय, निजी क्षेत्र तथा विकास साझेदारहरूसँगको आर्थिक सहकार्यको पहुँच विस्तार गर्ने नीति अवलम्बन गरिनेछ।

ङ) संघ, प्रदेश र पालीकातहबीच जलवायु वित्त परिचालन, रिपोर्टिङ्ग, पारदर्शिता र जवाफदेहीता सुनिश्चित गर्न अन्तर सरकारी समन्वय सुदृढ गरिनेछ।

## ९. संस्थागत संरचना

क) जलवायु परिवर्तनको विषय समन्वय गर्न नगरपालिकाले जलवायु परिवर्तन सम्बन्धी कानुनी व्यवस्थामा उल्लेख भए बमोजिमको एक समन्वय समिति गठन गर्नेछ।

ख) यस नीति अन्तर्गतका रणनीति तथा कार्यनीतिहरु कार्यन्वयन सहजीकरणको लागि नगरपालिकामा विद्यमान वातावरण तथा विपद व्यवस्थापन शाखा मार्फत जलवायु परिवर्तन सम्बन्धी कार्यक्रम हेर्ने सम्पर्क केन्द्रको निर्माण गरिनेछ।

## १०. नीति कार्यान्वयन

यस जलवायु परिवर्तन नीति प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि देहायका उलेखित प्रारम्भिक कार्यनीतिहरु अवलम्बन गर्ने।

क) यस नीति अनुरुप कार्यन्यवन गर्न आवश्यक ऐन/ निर्देशिका, मापदण्ड तथा योजनाहरु निर्माण गर्ने, गराउने।

ख) संघ-संस्थाको सहयोगार्थ र स्थानीय निकायको आर्थिक श्रोत समेत परिचालन गरि समुदायमा आधारित अनुकुलन योजना निर्माण गरि जलवायु अनुकुलन कार्यहरु कार्यन्वयन गर्ने।

ग) जलवायु परिवर्तन सम्बन्धि संचालित कार्यक्रमहरुको अनुगमन, मुल्यांकन र अभिलेखीकरण गर्ने।

घ) जलवायु परिवर्तन सम्बन्धि जनचेतन अभिवृद्धि गर्ने।

ङ) जलवायुजन्य विपद् व्यवस्थापनको लागि वडा तथा समुदाय स्तरमा समिति गठन गरि क्रियाशिल बनाउने र स्थानीय स्तरमै युवा स्वयंसेवकहरूलाई परिचालन गर्ने।

च) वन व्यवस्थापनको लागि सम्बन्धित निकायसंग समन्वय गर्ने।

छ) सामाजिक आर्थिक विकासलाई टेवा पुर्याउन नदि उकाश क्षेत्रहरुको रेखांकन, पहिचान तथा नक्शाङ्कन गरि उक्त क्षेत्र भित्र वृक्षारोपण तथा आयआर्जनका गतिविधिहरु संचालनको शुरुवात गर्ने।

ज) जलवायु परिवर्तनका कारण कृषि तथा पशुपालनमा देखिएका समस्या समाधान गर्न कृषि सुचना तथा संयन्त्रको पहुँच बिस्तार गर्ने।

झ) जलवायु परिवर्तनको प्रकोपहरुको पूर्व चेतावनी सम्बन्धी एकिकृत सूचना प्रणालीकोविकास गर्ने।

## ११. आर्थिक पक्ष

यो नीति कार्यान्वयन गर्न संघीय र प्रदेश सरकारबाट प्राप्त बजेट, स्थानीय संघ संस्था बाट प्राप्त सहयोग साथै स्थानीय विपद् व्यवस्थापन कोष परिचालन गरिने छ।

## १२. कानुनी व्यवस्था

यो नीति प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक कानुन, रणनीति, निर्देशिका, कार्यविधि तथा योजनाहरू तर्जुमा गरी लागू गरिनेछ।

## १३. अनुगमन तथा मुल्यांङ्कन

क) नीति कार्यान्वयन सम्बन्धी प्राथमिक अनुगमन जिम्मेवारी नगरपालिकाको हुनेछ।

ख) कार्यान्वयन अनुगमनका लागि स्थानीय तह, सामुदायिक संघ-संस्था, र निजी क्षेत्रका प्रतिनिधि रहने समन्वय समिति गठन गरिनेछ।

ग) समन्वय समितिलाई अनुगमनका लागि आवश्यक प्रशिक्षण र स्रोत सामग्री उपलब्ध गराइनेछ।

घ) नीति अन्तर्गत अपनाइएका रणनीति तथा कार्यनीतिको प्रभावकारिता मापन गर्न उपयुक्त सूचकांक तयार गरी तथ्यांक संकलन र मूल्यांकन गरिनेछ।

ङ) नीति कार्यान्वयनको प्रगति हरेक ५ वर्षमा समीक्षा गरि आवश्यक परिमार्जन र पुनरावलोकन गरिनेछ।

च) सूचाङ्कको प्रभावकारिता सुनिश्चित गर्न स्थानीय स्तरमा तथ्यांक संकलन प्रणाली निर्माण गरी अभिलेख चुस्त दुरुस्त राखिनेछ।

## १४. जोखिम

यो नीति कार्यान्वयनका क्रममा आर्थिक स्रोतको अभाव, नविन प्रविधि प्रयोगमा कठिनाइ तथा सरोकारवालाहरूबीच समन्वयको कमी जस्ता जोखिम देखिन सक्छन्, जसले कार्यक्रम कार्यान्वयनमा ढिलाइ र अपेक्षित नतिजा प्राप्तिमा अवरोध सिर्जना गर्न सक्छ।

## १५. क्षेत्रगत नीति तथा नीतिको परिमार्जन

यस नीतिको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय आवश्यकता अनुसार अन्य उपक्षेत्रगत नीतिहरू समेत तर्जुमा गर्न सकिनेछ। यस नीतिलाई आवश्यकता अनुसार समय सापेक्षा पुनरावलोकन तथा अध्यावधिक गरिनेछ।

## १६. निष्कर्ष

यस नीतिले गुजरा नगरपालिकाको जलवायु परिवर्तन अनुकूलन क्षमता अभिवृद्धि गरी दिगो विकास र पर्यावरणीय सन्तुलन कायम राख्न सहयोग पुऱ्याउनेछ, जसका लागि स्थानीय समुदायको सक्रिय सहभागिता अनिवार्य हुनेछ।